# गौमुखी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

पुजा, प्युठान
लुम्बिनी प्रदेश, नेपाल
स्था: २०७३

पत्र संख्याः २०८३/०८४
चलानी नं.

## गौमुखी गाउँपालिकाको अपिल

सूचना नं. १२/२०८३/०८४
सूचना प्रकाशित मितिः २०८३/०५/१५ गते

मिति २०८३/०५/१० गते बुधबारका दिन छिमेकी मुलुक चीनको तिब्बततर्फबाट भोटेकोशी नदीमा आएको विनाशकारी बाढीका कारण रसुवा, नुवाकोट, धादिङ, गोरखा, चितवन लगायतका जिल्लाहरूमा भएको ठूलो जनधनको क्षतिप्रति गौमुखी गाउँपालिका गहिरो दुःख व्यक्त गर्दछ । यस प्राकृतिक विपद्मा परी ज्यान गुमाउनुहुने सम्पूर्णप्रति हार्दिक श्रद्धाञ्जली तथा शोकसन्तप्त परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दै घाइते तथा प्रभावित नागरिकहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछौं । यसै सन्दर्भमा गौमुखी गाउँपालिका वडा नं. ३ निवासी श्री बिक्रम पुन विगत केही समयदेखि संकटमा पर्नुभएकोमा नेपाल सरकार, सुरक्षा निकाय तथा सम्बद्ध पक्षहरूको द्रुत, तत्पर र समन्वयात्मक प्रयासबाट उहाँको सकुशल उद्धार गर्न सफल भएकोमा यस गाउँपालिका परिवार हार्दिक कृतज्ञताका साथ धन्यवाद ज्ञापन गर्दछ।

त्यसै गरि सोही वडा (गौमुखी गाउँपालिका वडा नं. ३) निवासी श्री बोम बहादुर पुन हालसम्म पनि बेपत्ता हुनुभएको र उहाँको अवस्था अज्ञात रहेकाले गौमुखी गाउँपालिका, सम्बन्धित व्यक्तिको परिवार तथा सम्पूर्ण स्थानीय बासिन्दा अत्यन्तै चिन्तित र शोकमग्न रहेका छौं । अतः सकुशल उद्धार हुन बाँकी रहनुभएका श्री बोम बहादुर पुन लगायत सबै हराइरहेका नागरिक हरुको स्थिति पत्ता लगाउनका लागि राज्यका सम्पूर्ण संयन्त्र, विपद् व्यवस्थापन टोली र प्रविधिको उच्चतम् प्रयोग गरी खोजी कार्यलाई थप तीव्र र प्रभावकारी बनाइदिनुहुन गौमुखी गाउँपालिका हार्दिक अनुरोध गर्दछ।

यस दुःखद् एवं संवेदनशील परिस्थितिलाई मध्यनजर गर्दै आगामी भाद्र २५ गते सम्म गौमुखी गाउँपालिका र गौमुखी गाउँपालिकाको क्षेत्र भित्रका सम्पूर्ण संघ- संस्था, कार्यालय, समूह, क्लब तथा सम्बन्धित निकायहरूले उत्सव, मनोरञ्जन तथा खुशीयालीका कार्यक्रमहरू औपचारिक रूपमा आयोजना नगरी शोक तथा विपद्प्रति ऐक्यवद्धता प्रकट गर्न हार्दिक अपिल गर्दछौं। साथै, विपद्को यस घडीमा सम्पूर्ण नागरिकहरूलाई संयमित, सहयोगी र मानवीय भावनाका साथ प्रभावित परिवार तथा समुदायप्रति आवश्यक सहयोग र सद्भाव प्रकट गर्दै मौसमको प्रतिकुलता अझै कायम रहेकोले अति आवश्यक कार्य बाहेक कार्य स्थल र घर/आवास छोडि धेरै टाढाको यात्रा नगर्नुहुन सबैमा गौमुखी गाउँपालिका हार्दिक अनुरोध गर्दछ ।

विष्णु कुमार गिरी
अध्यक्ष